**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
स्ट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, बिन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
स्ट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पश्चिमेश्वर वृद्धाश्रम, चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९ फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १२१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ ३ गते आइतबार ❑ 17 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## कांग्रेस इतिहासकै प्रतिकूल अवस्थामा छः पूर्वकार्यवाहक सभापति खड्का

रासस
काठमाडौं, २ जेठ

नेपाली कांग्रेसका पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काले नेपाली कांग्रेस इतिहासकै प्रतिकूल अवस्थामा रहेको बताउनुभएको छ ।

नेपाली कांग्रेस कर्णाली प्रदेश कार्यसमितिले शनिबार सुर्खेतको वीरेन्द्रनगरमा आयोजना गरेको कार्यक्रममा उहाँले पार्टी छिन्नभिन्न अवस्थामा रहेकाले पार्टीलाई एकताबद्ध र मजबुत




बनाउने उद्देश्य आफूहरू क्रियाशील रहेको बताउनुभयो । पूर्वकार्यवाहक सभापति खड्काले पार्टी विभाजनको अवस्थामा गएको भन्दै यसलाई रोक्न पार्टी नेता र कार्यकर्ता गम्भीर हुनुपर्नेमा जोड दिनुभयो । उहाँले सभापति गगनकुमार थापालाई सिङ्गो कांग्रेसको सभापति भएर नेतृत्व गर्न आग्रह गर्नुभयो । खड्काले घेराबन्दी र गुटबन्दीबाट जोगिएर सही नेतृत्व गर्नु आजको आवश्यकता रहेको धारणा राख्नुभयो । उहाँले कांग्रेसमा समस्या आउँदा देशले नै समस्या भोग्नुपरेको स्मरण गर्दै हाल देखिएका समस्या समाधान गरेर पार्टीलाई बलियो बनाउनुपर्नेमा जोड दिनुभयो । कांग्रेस नेता जीवनबहादुर शाहीले पार्टीलाई बलियो बनाउन जिम्मेवार भूमिका खेल्न सबैलाई आग्रह गर्नुभयो ।

## मितेरी सहर लिन्जीद्वारा पोखरालाई एम्बुलेन्स प्रदान

पोखरापत्र संवाददाता
पोखरा, २ जेठ

पोखरा महानगरको मितेरी सहर मित्रराष्ट्र चीनको जिजाङ प्रान्तस्थित लिन्जीले उपहारस्वरूप प्रदान गरेको अत्याधुनिक एम्बुलेन्ससहितको स्वास्थ्य सामग्री शनिबार पोखरा आइपुगेको छ ।

लिन्जी सहरले अत्याधुनिक उपकरण जडित एम्बुलेन्स, भेन्टिलेटर, अक्सिजन सिलिन्डर तथा अक्सिजन इन्सिनेटरलगायत स्वास्थ्य सामग्री पोखरालाई सहयोग गरेको हो । विसं २०७९ मा पोखरा महानगरको नयाँ नेतृत्वलाई स्वागत गर्दै लिन्जीले ती सामग्री सहयोगको घोषणा गरे पनि रसुवा (केरुङ) नाकामा भन्सार प्रक्रियाका कारण रोकिएको महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो ।




तत्कालीन व्यवस्थाअनुसार भन्सार छुटको सीमा रु १६ लाखसम्म मात्रै रहेको र स्वास्थ्य सामग्रीको मूल्य रु तीन करोड ५० लाखभन्दा बढी भएकाले सामग्री छुटाउन समस्या भएको थियो । त्यसपछि महानगरले विभिन्न निकायसँग समन्वय गर्दै भन्सार छुटका लागि पहल गरेको थियो । गत वर्षको बजेटमार्फत एम्बुलेन्स भन्सार छुटसम्बन्धी सीमा हटाइएपछि सामग्री ल्याउने प्रक्रिया अगाडि बढेको प्रमुख आचार्यले बताउनुभयो । यसबीच महानगरपालिकाको कार्यालयमा भएको आगलागीमा सम्बन्धित कागजात नष्ट भएपछि प्रक्रिया पुनः सुरु गर्नुपरेको थियो । पुनः आवश्यक प्रक्रिया पूरा गरी सामग्री फेरि मगाइएपछि ती सामग्री पोखरा महानगरपालिकाको परिसरमा आइपुगेका हुन् । "मितेरी सहर लिन्जीबाट प्राप्त स्वास्थ्य सामग्री साढे तीन वर्षपछि पोखरा ल्याउन सफल भएका छौँ", प्रमुख आचार्यले भन्नुभयो, "यो सहयोगले पोखराको स्वास्थ्य सेवा प्रवाहमा सहयोग पुग्नुका साथै दुई सहरबीचको मैत्री सम्बन्ध अझ सुदृढ भएको छ ।"

उक्त सामग्री पोखरावासीलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले उपयोग गरिनेछ । यसअघि पोखरामा आयोजित अन्तरराष्ट्रिय ड्रागन बोट रेस प्रतियोगितामा सहभागी हुन लिन्जी सहरका मेयर मिस्टर बाटानेतृत्वको टोली पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा पहिलो अन्तरराष्ट्रिय उडानमार्फत आएको थियो । पोखराबाट समेत समयसमयमा मितेरी सहर लिन्जीको भ्रमण हुँदै आएको छ । महानगरले सामग्री भन्सार छुटाएर एम्बुलेन्ससहितका सामग्री पोखरा ल्याउन सहयोग गर्ने नेपाल-चीन मैत्री सङ्घका अध्यक्ष विश्वशङ्कर पालिखे, भन्सार कार्यालय तथा नेपाल सरकारका विभिन्न निकायप्रति आभार व्यक्त गरेको छ ।

## मर्दी पदयात्राका क्रममा हराएका पर्यटक मृत फेला

पोखरापत्र संवाददाता
पोखरा, २ जेठ

मर्दी हिमाल पदयात्राका क्रममा मर्दीको 'भ्युपोइन्ट'बाट गत वैशाख ३० गतेदेखि हराएका एक पर्यटक शनिबार मृत फेला परेका छन् ।

हराएका व्यक्ति काठमाडौँको सङ्खाराम बुद्धविहारका भिक्षु धामिसरो रहेको पछि पहिचान भएको थियो ।

सुरक्षाकर्मी तथा स्थानीय पर्यटन व्यवसायीसहितको टोली खोजी गर्ने क्रममा मर्दी हिमालको माथिल्लो भ्युपोइन्टस्थित ठूलो पहाडमुनि खोँचमा शव फेला पारेको मर्दी ट्रेक व्यवस्थापन समितिका अध्यक्ष राजकुमार तामाङले जानकारी दिनुभयो । उहाँका अनुसार हिउँमा केही डाम देखिएपछि सोही आधारमा उद्धार टोली खोज्दै जाँदा भिरबाट धेरै तल कपडा देखेपछि तीन घण्टा लगाएर तल झरेको थियो ।

अध्यक्ष तामाङले कठिन भौगोलिक अवस्थाका कारण शव उद्धार गर्न नसकिएको बताउनुभयो । "अप्ठ्यारो भूगोलका कारणले मानिसले बोकेर माथि ल्याउन सकिने अवस्था छैन । हेलिकप्टरबाट उद्धारका लागि प्रशासन, प्रहरी र गाउँपालिकालाई जानकारी गराएका थियौँ । चार घण्टासम्म कुर्दासमेत हेलिकप्टर नआएपछि हामी पुनः हाइक्याम्प फर्किएका छौँ," तामाङले भन्नुभयो ।

मर्दीको लोक्याम्पमा बास बसेर भोलिपल्ट समुद्री सतहबाट चार हजार २०० मिटर उचाइमा अवस्थित मर्दीको भ्युपोइन्ट पुगेका उनी 'टिसप'मा आफ्नो झोला राखेर 'केही बेर वरिपरिको दृश्यावलोकनका लागि जान्छु भन्दै' निस्किनुभएका थिए ।

भिक्षु साँझसम्म नफर्किएपछि भोलिपल्ट स्थानीयले खोजी गरेका थिए । दुई दिनसम्म खोजी गर्दा पनि हराएका व्यक्ति फेला परेका थिएनन् । शनिबार सुरक्षाकर्मी पुगेपछि स्थानीयसहितले पुनः खोजी अघि बढाएका थिए ।

## गण्डकी अस्पतालको आकस्मिक विभागलाई ह्वीलचियर

पोखरापत्र संवाददाता
पोखरा, २ जेठ

शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रमा निरन्तर सामाजिक योगदान पुर्‍याउँदै आएको हेड्स नेपालको ३३ औं स्थापना दिवसको अवसरमा मानवीय संवेदनशीलताको उदाहरण प्रस्तुत गरिएको छ । संस्थाले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (गण्डकी अस्पताल) को आकस्मिक विभागलाई पाँच थान ह्वीलचियर हस्तान्तरण गरेको हो ।

अस्पताल परिसरमा आयोजित कार्यक्रममा हेड्स नेपाल कास्कीका अध्यक्ष हरि बहादुर भट्टराईले अस्पतालका इमर्जेन्सी विभाग तथा जनरल ओपिडी प्रमुख प्रा.डा. नारायण सिंह गुरुङलाई ह्वीलचियर हस्तान्तरण गर्नुभयो । आकस्मिक उपचारमाका लागि आउने बिरामी, जेष्ठ नागरिक तथा अशक्त सेवाग्राहीलाई सहज सेवा उपलब्ध गराउने उद्देश्यले ह्वीलचियर सहयोग गरिएको अध्यक्ष




भट्टराईको भनाई छ । सामाजिक उत्तरदायित्वलाई केन्द्रमा राखेर हेड्स नेपालले विभिन्न क्षेत्रमा सहयोग गर्दै आएको उल्लेख गर्दै उहाँले स्वास्थ्य सेवामा समान्य सहयोगले पनि बिरामी र उनका परिवारलाई महत्वपूर्ण राहत पुग्ने भएकोले आगामी दिनमा पनि यस्ता मानवीय कार्यलाई निरन्तरता दिइने बताउनुभयो ।

ह्वीलचियर ग्राहण गर्दै प्रा.डा. गुरुङले अस्पतालमा दैनिक ठूलो संख्यामा बिरामी आउने भएकोले यस्ता सामग्री अत्यन्त उपयोगी हुने बताउँदै हेड्स नेपालको सहयोगले आकस्मिक कक्षको सेवा प्रवाहलाई थप सहज बनाउने विश्वास व्यक्त गर्नुभयो । अस्पताललाई जनशक्ति,भौतिक पूर्वाधार र प्रविधियुक्त सुविधा सम्पन्न बनाउँदै जनताको उपचारमा सहज एवम प्रभावकारी बनाउन तीनै तहका सरकार जिम्मेवार हुनु पर्नेमा उहाँको जोड थियो । अस्पतालमा विभिन्न विभागबाट सदर दैनिक दुई हजार जना बिरामीले स्वास्थ्य सेवा लिदै आएका छन भने आकस्मिक कक्षबाट मात्र मासिक तीन हजार पाँच सय भन्दा बढीले सेवा लिदै आएको इमर्जेन्सि इन्चार्ज नरेन्द्र ठकुरीले जानकारी दिनुभयो । ६१ जना कर्मचारी कार्यरत रहेको विभागमा अहिले पनि मेडिकल अधिकृतको खाँचो रहेको उहाँको भनाई छ । हेड्स नेपालका उपाध्यक्ष अर्जुन प्रसाद श्रेष्ठका अनुसार स्थापना दिवसलाई औपचारिक कार्यक्रम भन्दा सामाजिक सेवासंग जोड्दै आएको संस्थाले यसअघि पनि शिक्षा, स्वास्थ्य तथा कृषि क्षेत्रमा विभिन्न सहयोगात्मक कार्यक्रम अघि बढाएको बताउनुभयो ।

कार्यक्रममा संस्थाका सल्लाहका तथा अधिवक्ता सुकदेव गौतमले संस्थाको पछिल्लो सहयोगले मानवीय संवेदनशीलता केवल भाषणमा मात्र नभई व्यवहारमा पनि उतार्न सकिन्छ भन्ने सन्देश दिएको बताउनु भयो । कुनैपनि सरकारी एवम् संघसंस्थाबाट सहयोग नलिने र आफ्ना सदस्यबाटै दैनिक एक रुपैयाका दरले संकलन गरेको रकमबाट संस्थाले विकट वस्तिका सामुदायिक विद्यालयका विद्यार्थीलाई पोषाक, शैक्षिक सामाग्री तथा नगदेबालीका विरुवा उत्पादन गरेर विक्री गर्दै आएको संस्थाका सदस्य सुमन श्रेष्ठको भनाई थियो ।

## ऊर्जा तथा आपूर्ति शृङ्खलाका अवरोध रोक्न अन्तरराष्ट्रिय समुदाय लाग्नुपर्नेमा नेपालको जोड

रासस
काठमाडौं, २ जेठ

नेपालले ऊर्जा तथा आपूर्ति शृङ्खलाका अवरोध रोक्न अन्तरराष्ट्रिय समुदाय लाग्नुपर्नेमा जोड दिएको छ ।

राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद्को विशेष बैठकलाई श्रव्यदृश्यका माध्यमबाट शुक्रबार सम्बोधन गर्दै परराष्ट्रमन्त्री शिशिर खनालले उक्त कुरामा जोड दिनुभएको हो ।

संयुक्त राष्ट्रसङ्घका लागि न्युयोर्कस्थित नेपालको स्थायी नियोगका अनुसार मन्त्री खनालले वैश्विक ऊर्जा तथा आपूर्ति शृङ्खलामा आइरहेका अवरोधहरू र त्यसले दिगो विकासमा पार्ने असरहरूबारे मन्तव्य व्यक्त गर्दै पश्चिम एसियाको द्वन्द्वले नेपाललाई प्रभावित पारेको बताउनुभयो ।

मन्त्री खनालले भन्नुभयो, "पश्चिम एसिया द्वन्द्वले त्यहाँ काम गर्ने २० लाखभन्दा बढी नेपालीका परिवारलाई बढ्दो ऊर्जा मूल्य, घट्दो विप्रेषण

बाँकी अन्तिम पृष्ठमा ▸▸

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मदन-आश्रित स्मृति दिवसको मदन स्मृति पार्कमा सरसफाई

पोखरापत्र संवाददाता
पोखरा, २ जेठ

मदन-आश्रित स्मृति दिवसको सन्दर्भमा २०८३ जेष्ठ २ गते नेपाल कम्युनिष्ट पार्टी (एमाले) पोखरा महानगरपालिका वडा कमिटी -५ द्वारा मदन मार्ग स्थित मदन स्मृति पार्कमा सरसफाइ कार्यक्रम सम्पन्न गरिएको छ।

वडा कमिटी-५ ले विभिन्न सन्दर्भमा सामाजिक तथा जनमुखी कार्यहरू निरन्तर गर्दै आएको छ।

गत महिना पनि पार्टी कमिटीले मानवीय सेवामा समर्पित नेपाल रेडक्रस सोसाइटी कास्की लाई रगत अभाव भएको अवस्थामा रक्तदान कार्यक्रम आयोजना गरी ५३ युनिट रगत संकलन गरेको थियो।

पार्टीका नियमित गतिविधिहरूसँगै विपद् व्यवस्थापन, विपन्न वर्गलाई सहयोग, वातावरण संरक्षण तथा वडामा देखिएका विभिन्न सामाजिक समस्याहरूमा समेत सक्रिय रूपमा कार्य गर्दै आएको वडा कमिटी-५ का अध्यक्ष लक्ष्मण बराल ले जानकारी दिए।

शनिबारको कार्यक्रममा पार्टी गण्डकी प्रदेश कमिटीका सचिवालय सदस्य धन बहादुर नेपाली, जिल्ला कमिटी सदस्य तथा जनप्रतिनिधि कल्पना भुवाजी क्षेत्री, गोबिन्द पराजुली, पूर्व जनप्रतिनिधि रामजी बराल, पत्रकार पुण्य पौडेल, जेष्ठ कम्युनिष्ट मञ्च जिल्ला अध्यक्ष पूर्ण गिरी, निर्वाचन क्षेत्र परिचालन कमिटी नं-३ का सदस्य कृष्णप्रसाद बराल, वडा कमिटीका सदस्यहरू तथा स्थानीयवासीहरूको सहभागिता रहेको थियो।



बसपार्कमा सवारीसाधनः
मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ स्थित रानीपौवा शनिबार राखिएको सवारीसाधन बसपार्कमा। मुक्तिनाथ मन्दिर दर्शन तथा पूजाआजा गर्न आउने श्रद्धालु भक्तजनको भीड बढेसँगै बसपार्कमा सवारीसाधनको चाप पनि बढेको हो। तस्बिरः सुशीलबाबु थकाली / रासस

# चिनीमा आत्मनिर्भरताका लागि उत्पादन वृद्धिको योजना

रासस
काठमाडौं, २ जेठ

सरकारले चिनीमा परनिर्भर हुनुपर्ने विद्यमान अवस्था अन्त्यका लागि उन्नत जातका उखुमार्फत उत्पादन वृद्धिको योजना अघि सारिएको स्पष्ट पारेको छ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयमार्फत नेपालमा सञ्चालित चिनी उद्योगको उत्पादन क्षमता अभिवृद्धिका लागि सबै पक्षको समन्वयमा किसानलाई उखु खेतीमा आधुनिक प्रविधिको प्रयोगका सम्बन्धमा सहजीकरण गर्ने तयारी भइरहेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ।

भारत सरकारले हालै चिनी निर्यातसम्बन्धी नीतिगत व्यवस्थामा परिवर्तन गरी निर्यातमा प्रतिबन्ध लगाएको परिस्थितिका बीच सरकारले उक्त तयारी थालेको हो।

आम उपभोक्ताको हित, बजार मूल्यको स्थिरता तथा चिनीको सहज उपलब्धताका सम्बन्धमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले हालै नेपाल चिनी उत्पादक सङ्घका पदाधिकारी र सरोकारवाला मन्त्रालय/निकायका प्रतिनिधिसँग छलफल गर्नुभएको मन्त्रालयले जनाएको छ। सरकारले दीर्घकालीन रूपमा चिनीमा आत्मनिर्भरताका लागि चिनी उत्पादनको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने योजना बनाएको छ। उद्योगीहरूले पनि बजारमा चिनीको सहज तथा सुलभ मूल्यमा नियमित आपूर्ति गर्ने प्रतिबद्धता जनाएका छन्। बजारमा चिनीको अभाव हुन नदिन आपूर्ति मन्त्रालयले उत्पादन प्रवर्द्धन, आपूर्ति व्यवस्थापन, बजार अनुगमन र नियमनलाई प्रभावकारी बनाउने निर्णय गरेको छ।

उद्योगी-व्यवसायीले उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, स्वच्छ बजार र उपभोक्ता हित संरक्षणमा सहयोग पुर्‍याउनेछन्। आमनागरिकको दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राखे चिनीलगायत अत्यावश्यक वस्तुको आपूर्ति तथा मूल्य स्थिरता कायम गर्न पूर्णरूपमा प्रतिबद्ध रहेको आपूर्ति मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदीले जानकारी दिनुभयो।

नेपालमा सञ्चालित चिनी उद्योगमा भएको मौज्दात तथा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले आयात गरेको चिनीले करिब आठ महिनाको माग पूरा उद्योग मन्त्रालयले जनाएको छ। मन्त्रालयले उपभोक्ता एवम् सरोकारवालामा चिनीको अनावश्यक सञ्चिति नगर्न तथा चिनीको उपलब्धता र आपूर्ति सम्बन्धमा कुनै किसिमको अन्योलमा नपर्न पनि अनुरोध गरेको छ।

# युआरएल ग्रुपमा ठाकुरको नेतृत्व

पोखरापत्र संवाददाता
पोखरा, २ जेठ



तेह्र वर्षअघि पोखराको न्युरोडमा स्थापना भएको युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि(युआरएल) युआरएल ग्रुपमा रुपान्तर भएको छ। युआरएलको शुक्रबार भएको विशेष साधारणसभा तथा अधिवेशनले यसका २१ शाखालाई युआरएल ग्रुपमा रुपान्तरण गर्दै नयाँ नेतृत्वसमेत चुनेको हो।

अधिवेशनले ठाकुरप्रसाद पन्थको अध्यक्षतामा सात सदस्यीय नयाँ सञ्चालक समिति निर्वाचित गरेको छ। ग्रुपको सचिव एवम् प्रबन्ध निर्देशकमा गणेशप्रसाद कोइराला र बोर्ड डाइरेक्टरहरुमा बालकृष्ण शर्मा, गीता कार्की पन्थ, डा कृष्णराज अधिकारी, डा वसन्त पगेनी र पुष्पराज कोइराला छन्। साधारणसभाले संस्था सञ्चालनको नयाँ कार्यविधि पारित गर्नुका साथै तीन उपसमिति बनाउने निर्णय पनि गरेको छ। युआरएलमा अब लेखा तथा खरिद उपसमिति, व्यापार प्रवर्धन उपसमिति र गुणस्तर नियन्त्रण उपसमिति बन्ने छन्।

युआरएल ग्रुपका अध्यक्ष पन्थले गण्डकीकै पहिलो रेफरेन्स ल्याब युआरएललाई थप सशक्त तवरले अघि बढाइने बताए। 'काठमाडौं बाहिरको पहिलो रेफरेन्स ल्याब युआरएलले ग्रुपअन्तर्गत २१ शाखा र तीन ब्रान्ड नामसहित २४ स्थानबाट सेवा दिइरहेको छ,' उनले भने, 'चाँडै कम्प्लिट डायग्नोस्टिक सेन्टर बनाउने दिशामा छौं।' कार्यक्रममा प्रबन्ध निर्देशक कोइरालाले नयाँ प्रविधि, दक्ष जनशक्ति र सर्वसाधारणको आवश्यकता बमोजिमको सेवा प्रदान गरी युआरएलले अझ सशक्त तवरले सेवा प्रवाह गर्ने प्रण गरे। युआरएल ग्रुपमा अहिले ५१ सेयर सदस्य छन्। ६० प्रतिशतभन्दा बढी आफैं आउने अर्थात् वाकिङ प्यासेन्ट भएको युआरएलमा अहिले प्राविधिक र गैरप्राविधिक गरी १ सय ५० भन्दा बढी कर्मचारी छन्। युआरएलले २०७२ सालबाट विभिन्न रोगका विशेषज्ञको सचेतनासहितको निशुल्क शिविर गर्दै आएको छ। अहिलेसम्म कास्की र आसपासमा जिल्लामा विभिन्न सामाजिक र स्वास्थ्य संस्थासँगको सहकार्यमा २ सय २४ वटा शिविरमार्फत् २ लाख ८० हजारले सित्तैमा सेवा लिएका छन्। युआरएलले हरेक वर्ष आफ्नो वार्षिकोत्सवमा राष्ट्रिय स्वास्थ्य पुरस्कारसमेत प्रदान गर्दै आएको छ।


धूम्रपान त्यागौं, स्वस्थ जीवनशैली अपनाऔं।

- धूम्रपानले क्यान्सर, मुटु रोग र श्वासप्रश्वाससम्बन्धी समस्या निम्त्याउँछ,
- धूम्रपान स्वास्थ्यका लागि हानिकारक छ,

त्यसैले,

- सार्वजनिक स्थानमा धूम्रपान नगरौं,
- किशोर–किशोरीहरूलाई धूम्रपानबाट टाढा राखौं,
- धूम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
- धूम्रपान नगर्ने वातावरण सिर्जना गरौं,
- आफ्नो र परिवारको स्वास्थ्यको रक्षा गरौं,
- धूम्रपान त्याग्ने संकल्प गरौं,
- धूम्रपान विरुद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज निर्माण गरौं।

स्वस्थ जीवन, उन्नत भविष्यको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड


# पोखरा १९ मा मानव बेचबिखन विरुद्ध स्थानीय समिति गठन

पोखरापत्र संवाददाता
पोखरा, २ जेठ



मानव बेचविखन तथा ओसारपसार विरुद्ध पोखराको १९ नम्वर वडामा स्थानीय समिति गठन भएको छ।

बाल तथा महिला ससक्तिकरण समाज नेपाल, कास्कीले आयोजना गरेको भेलाले वडाध्यक्ष पुष्पेन्द्र पाण्डेको संयोजकत्वमा १३ सदस्यीय स्थानीय समिति गठन गरेको छ। समितिको सदस्यमा महिला जनप्रतिनिधि कल्पना सुनार, महिला सञ्जालकी तिलकुमारी कार्की, निगरानी समुहकी शान्ति बास्तोला,बाल अधिकार समितिकी शर्मिला पोखरेल,बाल मञ्चका निश्चल अधिकारी,लामाचौर सिआरभि प्रमुख विष्णुबहादुर पल्ली मगर, महिला स्वास्थ्य सेविका देवु आचार्य, नागरिक मञ्चका दयाराम गौतम र स्वतन्त्र पत्रकार संघ कास्कीका उपाध्यक्ष शिशिर पौडेल छन्।

त्यस्तै समितिको मनोनित सदस्यमा टोल विकास समितिका गोपालप्रसाद पौडेल, आमा समुहकी मोना सुनार र समितिको सदस्य सचिवमा सुर्यबहादुर नेपाली चयन भएको संस्थाकी ईन्दिरा पराजुलीले जानकारी दिईन्। आस्था परियोजना अर्न्तगत गठन भएको सो समितिले स्थानीय स्तरमा मानव बेचविखन तथा ओसारपसार विरुद्ध जनचेतना जगाउने,वडाभित्र जोखिममा रहेका व्यक्तिको उद्धार गर्ने, बेचविखन प्रभावितका लागि राहतकोष स्थापना तथा संचालन गर्ने लगायतका काम गर्ने बताईएको छ।

य स अ ि घ भेलामा बोल्दै वडाध्यक्ष पाण्डेले मानव बेचविखनको बिषय आफैमा संवेदनशील रहेको बताउँदै, यसको नियन्त्रणका लागि सबै पक्ष जागरुप हुनुपर्नेमा जोड दिए। उनले वडाभित्र देखिएका यस्ता किसिमका समस्या समाधान गर्न समितिले सक्रियता पुर्वक भुमिका निर्वाह गर्ने अपेक्षा गरे। लामाचौर सिआरभिका प्रमुख विष्णुबहादुर पल्ली मगरले मानव बेचविखनका विषयमा सहभागिले उठाएका जिज्ञासाको जवाफ दिदैं मानव बेचविखन जस्तो जघन्य अपराधका विरुद्ध प्रहरीको एकल प्रयास मात्र सफल नहुने स्पष्ट पारे।

कार्यक्रममा बाल तथा महिला ससक्तिकरण समाज नेपाल, कास्कीका प्रतिनिधी निरभय लिगल, ईन्दिरा पराजुलीले आस्था परियोजनाको जानकारी गराउँदै,पोखराका ३३ वटै वडामा स्थानीय समिति गठन भएको बताए।

हाल संस्थाले समितिको सिफारिस बमोजिम मानव बेचविखनमा परेको व्यक्ति वा परिवारलाई सिपमुलक तालिम र आय आर्जन मार्फत जिविकोपार्जनका लागि सहयोग गदै आईरहेको छ।

## उर्जा तथा ...

र पर्यटनमा आएको सुस्तीले जीवनमा प्रत्यक्ष असर पारिरहेको छ।"

द्वन्द्वका कारण उत्पन्न सङ्कटमा सबैभन्दा बढी भार साना र अतिकम विकसित राष्ट्रहरूलाई परेकाले ती देशलाई एक्लै नछाडी हस्तक्षेप गर्नु अन्तरराष्ट्रिय समुदायको जिम्मेवारी भएको मन्त्री खनालले बताउनुभयो।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


# अमेरिकामाथि नेपालको जित

रासस
काठमाडौं, २ जेठ

आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत घरेलु शुङ्खलामा नेपालले अमेरिकाविरुद्ध नौ विकेटले जित हासिल गरेको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट रङ्गशालामा शनिबार भएको खेलमा अमेरिकाले दिएको १९५ रनको लक्ष्यमा नेपाल नौ विकेटले विजयी भएको हो। नेपालका लागि ओपनरद्धय कुशल भुर्तेल र आशिफ शेखले १५४ रनको योगदान दिए। भुर्तेलको शतकसँगै नटआउट प्रदर्शनका कारण नेपालले १९६ रनको लक्ष्य सहजै भेट्टिएको हो। उनले १३ चौका र चार छक्काको मद्दतमा ११८ बल खेलेर १२० रन बनाएका हुन्।

आशिफ ७२ बलमा आठ चौकाको मद्दतमा ५८ रन बनाएर आउट भए।

यसअघि पहिला ब्याटिङ गरेको अमेरिकाले ४३ दशमलव तीन ओभरमा १९५ रन बनाएको थियो। नेपालले एक विकेट गुमाउँदै ३६ दशमलव चार ओभरमा लक्ष्य पूरा गर्‍यो। अमेरिका कम रनमा समेटिने क्रममा नेपालका लागि दिपेन्द्र सिंह ऐरीले चार विकेट लिए भने सोमपाल कामीले दुई, सन्दीप लामिछाने र गुल्सन झाले समान एक/एक विकेट लिए।

अमेरिकाका लागि ओपनर स्मित पटेलले सर्वाधिक ८४ रन बनाएका थिए। उनले ८९ बलमा आठ चौका र तीन छक्का प्रहार गरेका हुन्। शेहान जयसुरिया ५२ बलमा एक छक्क प्रदार गर्दै ५० रन बनाएर आउट भएका हुन्। यो जितसँगै सातौं स्थानमा रहेको नेपालले २० अङ्क बनाएको छ।

छैटौं स्थानमा रहेको क्यानडाको २१, पाँचौं स्थानमा रहेको नामिबियाको २२ अङ्क छ। खेल तालिकाको अन्तिममा रहेको युएईले १४ अङ्क बनाएको छ भने स्कटल्यान्ड ३८ अङ्कसहित खेल तालिकाको अग्र स्थानमा छ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। – गौतम बुद्ध

## सम्पादकीय

# बजार अनुगन अभियान

देशभर 'मूल्य पारदर्शिता सप्ताह' अभियान सञ्चालन भएको छ। बजारमा व्याप्त अनियमितता, कृत्रिम मूल्यवृद्धि र उपभोक्ता ठगी नियन्त्रण गर्न यो अभियान सञ्चालन गर्न लागिएको सरकारको दावी छ । आमनागरिकको दैनिक जीवनसँग जोडिएको मूल्यवृद्धिको समस्या समाधान गर्न प्रधानमन्त्री कार्यालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको संयुक्त पहलमा यो अभियान सञ्चालन भएको छ। आज जेठ ३ गतेसम्म अभियान संचालन हुनेछ।

प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रका वस्तु तथा सेवाप्रदायकलाई अनिवार्य मूल्यसूची राख्न आह्वान गरी सोको नियमित अनुगमन गर्नेछन् । जिल्ला प्रशासन कार्यालयले जिल्ला तहमा बजार अनुगमन समितिलाई सक्रिय बनाउँदै मूल्य पारदर्शिताका लागि व्यापक प्रचारप्रसार गर्ने र नियमन सुनिश्चित गर्ने जिम्मेवारी दिइएको हो । केन्द्रीय र प्रदेश बजार अनुगमन समितिले बजारको मूल्याङ्कन गर्ने, अनुगमन टोली खटाउने र नियम पालना नगर्नेमाथि कडा कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाएका समाचार आएका छन । बजारमा वस्तु तथा सेवाको मूल्यमा एकरूपता नभएको र उपभोक्ताले वास्तविक मूल्य थाहा नपाउँदा ठगिने गरेका छन ।

वस्तु तथा सेवाको मूल्यमा स्पष्टता र पारदर्शिताका लागि व्यापारी र सेवाप्रदायकलाई जवाफदेही बनाउन सकिएको छैन ।अनिवार्य मूल्यसूचीको व्यवस्था लागु गर्न र अनुगमन प्रणालीलाई चुस्त बनाउँदै दोषीमाथि तत्काल कारबाही सुनिश्चित गर्न पनि अभियान सार्थक हुने अपेक्षा गरिएको छ । बर्सौंदेखि नेपाली उपभोक्ताबजारको मनपरी, मूल्यमा एकरूपताको कमी र कृत्रिम अभाव जस्ता समस्याबाट प्रताडित छन् । चाडपर्व होस् वा सामान्य समय, व्यापारीको आफ्नै मनोमानीमा तय हुने मूल्यले आमउपभोक्ता ठगिने र महँगीको मार खेप्दै आएका छन् ।

उपभोक्ता हित संरक्षण र बजार सुशासनका लागि सरकारले गर्नैपर्ने काम हो । नेपाली बजारमा अराजकताले सीमा नाघेको छ । आमउपभोक्ता हदैसम्म ठगिँदै आएका छन् । यो कटु सत्यलाई आत्मसात् गरी सरकारले थालेको यो अभियानले व्यापारीको चासो बढाएको छ। । यसलाई केवल औपचारिक अनुगमनमा मात्र सीमित नगरी प्रणालीगत सुधारको जग बसाउनु पर्छ । मूल्यसूचीको अभावमा उपभोक्ता वास्तविक मूल्यबारे अनभिज्ञ हुने र ठगिने क्रम बढ्दै गएको सन्दर्भमा यो अभियान स्वागतयोग्य छ।

अभियानले व्यापारी र सेवाप्रदायकलाई जवाफदेही बनाउने र उपभोक्तालाई सचेत तुल्याउने जुन मात्रा अपेक्षा गरिएको थियो त्यो मात्रा नभएपनि जनचासो बढाउने काम भएको छ । बजार अनुगमन र मूल्य पारदर्शितालाई दिगो बनाउन प्रविधिको प्रयोग र नियमित संयन्त्र आवश्यक छ । मूल्यवृद्धि र ठगीमा संलग्नलाई तत्काल कारबाही गर्ने प्रणाली विकास गरिनु पर्छ । अब सरकारले अगाडि सारेको यो कदम 'नारा' मा होइन 'नतिजा' मा देखिनु पर्छ । बजारमा सुशासन कायम गर्न सरकारको सक्रियतासँगै नागरिक समाज, सञ्चारकर्मी र स्वयम् उपभोक्ताको पनि खबरदारी उत्तिकै आवश्यक छ । यो अभियानले बजारमा मूल्यको पारदर्शिता र व्यापारीमा जवाफदेहिता स्थापित गर्न सक्यो भने वर्तमान सरकार सुशासनप्रति प्रतिबद्ध छ भन्ने सन्देश जानेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# पर्वतका किसानलाई सवा लाख माछाका भुरा निःशुल्क वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, २ जेठ

पर्वतका विभिन्न पालिकामा व्यावसायिक रूपमा माछापालन गर्दै आएका किसानलाई अनुदानमा माछाका भुरा वितरण गरिएको छ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पर्वतले शत्प्रतिशत अनुदानमा पर्वतका ५७ जना किसानलाई एक लाख २३ हजार माछाका भुरा विवरण गरेको जानकारी दिएको छ। व्यावसायिक रूपमा माछापालन गरिरहेका किसानलाई प्रोत्साहन गर्न किसानको पोखरीमा नै पुगेर माछा विवरण गरिएको भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रका प्रमुख सुरेशकुमार श्रेष्ठले जानकारी दिनुभयो।

उहाँका अनुसार लामो समयदेखि माछापालन व्यवसायमा आबद्ध किसानबाट निवेदन सङ्कलन गरी सबै किसानलाई माछाका भुरा उपलब्ध गराइएको छ। किसानको पोखरीको क्षमता र मागका आधारमा भुराहरू उपलब्ध गराइएको उहाँले बताउनुभयो।

कार्यालय प्रमुख श्रेष्ठले वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत रु दुई लाख बजेट विनियोजन गरेर माछाका भुरा वितरण गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार स्थानीय हावापानीसँग सहज रूपमा हुर्कन सक्ने कमनकार्प जातका भुरा किसानलाई उपलब्ध गराइएको हो। "यो जातको माछा एक वर्षमै करिब दुई किलोसम्म पुग्ने भएकाले किसानलाई राम्रो आम्दानी लिन सहज हुन्छ," उहाँले भन्नुभयो। कार्यालयले मत्स्य अनुसन्धान केन्द्र वेगनासपोखराबाट माछाका भुरा खरिद गरी किसानलाई विवरण गरेको जनाएको छ । यो केन्द्र नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत सञ्चालनमा रहेको मत्स्य अनुसन्धान संस्था हो।

यस कार्यक्रमले जिल्लामा व्यावसायिक मत्स्यपालन विस्तारसँगै किसानको आयआर्जन वृद्धि हुने अपेक्षा गरिएको छ । पर्वतको मोदी, कुश्मा, फलेवास, जलजला र पैंयूमा व्यावसायिक माछापालन गरिँदै आएको छ । पछिल्लो समय माछाको उपभोग गर्ने उपभोक्ताहरूको संख्या समेत बढ्दै गएकाले माछाका भुरा माग गर्ने किसानको संख्या पनि बढेको कार्यालयले जनाएको छ।

# सामुदायिक सूचना केन्द्र सञ्चालन

**पोखरापत्र संवाददाता**
पर्वत, २ जेठ

परम्परागत नेपाली जीवन शैलीसँग गहिरो सम्बन्ध रहेका काठबाट निर्मित ठेकी, पाथी, माना, ढुङ्ग्रो तथा मोही पार्ने घुर्रोजस्ता हस्तकला सामग्री संरक्षणका लागि पर्वतको कुश्मा नगरपालिका-३ मा सामुदायिक सूचना केन्द्र सञ्चालन गरिएको छ।

ग्रामीण दैनिकीका अभिन्न अङ्ग मा(निने यस्ता सामग्री आधुनिक प्रविधिसँगै प्लास्टिक, स्टिल र सिल्भरका भाँडाको प्रयोग बढेपछि विस्तारै हराउँदै गएपछि संरक्षणका लागि केन्द्र सञ्चालन गरिएको हो। एक समय गाउँघरमा दूध दुहुने ढुङ्ग्रो, दही जमाउने ठेकी, अन्न भण्डारण गर्ने पाथी-माना तथा घिउ-मोही बनाउने काठका भाँडाबिनाको दैनिकी कल्पना गर्न कठिन थियो । तर समय परिवर्तनसँगै यस्ता सामग्रीको प्रयोग घट्दै गएको छ।

कुश्मा-३ दुर्लुङका खेमबहादुर गुरुङले आफूले सानोमा प्रयोग गरेका बस्तु अहिले प्रयोगमै आउन छाडेको बताउनुभयो । 'त्यसबेला प्लास्टिक वा स्टिलका भाँडा दुर्लभ थिए, त्यसैले काठका सामग्री नै मुख्य विकल्प हुन्थे,' उहाँले भन्नुभयो । अहिले काठको अभाव, सिप हस्तान्तरण नहुनु र नयाँ पुस्ताको घट्दो चासोका कारण यो पेसा सङ्कटमा परेको उहाँको भनाइ छ। दैनिक जीवनसँग सम्बन्ध रहेका काठका सामानसँगै अन्य परम्परागत रूपमा हाम्रा पुर्खाले प्रयोग गर्दै आएका अन्य बस्तु पनि अहिले लोप हुँदै गएका छन् । पछिल्लो समय त्यस्ता बस्तु प्रयोग नगरेपछि भावी सन्ततीलाई ती सामग्रीको बारेमा ज्ञानको अभाव हुने भएको छ । पुराना बस्तुहरु संरक्षण गर्नेगरी सामुदायिक सूचना केन्द्र सञ्चालनमा ल्याइएपछि अबलोकन गर्न र खरिद गर्न आउनेको सङ्ख्या बढ्न थालेको छ । "सामुदायिक सूचना केन्द्र स्थापना गर्नु पुराना बस्तुको संरक्षण र भावी सन्ततीलाई जानकारी दिनु हो", केन्द्रका संयोजक खेमबहादुर गुरुङले भन्नुभयो, "हाम्रा पुर्खाले प्रयोग गर्दै आएका पुराना बस्तु तथा परम्परा लोप हुने अवस्थामा छन् ।" पुर्खाले प्रयोग गरेका बस्तु अहिलेको पुस्तालाई देखाउदा अचम्म मान्ने दिन आइसकेको उहाँले बताउनुभयो। चनौटेमा पुराना लोप हुन लागेका बस्तुको संरक्षण गर्ने उद्देश्यले २०८० सालमा सामुदायिक सूचना केन्द्र स्थापना गरिएको हो । केन्द्रमा अहिले काठको लिस्नो, काठको चप्पल, लालटिन, ठेकी, मदानी, मादल, डोको, नाङ्लो, बाँबियोको कुचो, छालाको नारा, काठको मधुश, भकारी, मौरीघार, डाली, कोर्का, काठ चिर्ने पुराना आरा, झुल्के, वास्सा, काइयो, पानस, ढडिया, पुराना झ्यालढोका, कर्नाल, माटोका भाडा, घैटो, जातोलगायताका बस्तु संरक्षण गरिएको छ। अहिले पनि सामुदायिक सूचना केन्द्रमा त्यस्ता पुराना बस्तु सङ्कलन गर्नेक्रम जारी छ। चनौटेमा २०४८ सालमा मिलन प्राथमिक विद्यालय स्थापना गरिएको थियो । विद्यार्थी सङ्ख्याको अभावले उक्त विद्यालय २०७१ सालमा काफलचौर माविमा समायोजन गरियो। खाली रहेको मिलन प्राथमिक विद्यालयको भवनमा चनौटे टोल विकास संस्थाको विधानअर्न्तगत कार्यविधि बनाएर सामुदायिक सूचना केन्द्र स्थापना गरिएको हो । दुर्लुङमा अहिले दुई वटा सक्रिय होमस्टे रहेको साथै क्यानोनिङ, दुर्लुङकोटलगायत गाउँमा आउने पाहुनालाई सूचना केन्द्रको अवलोकन गराएर त्यसक्षेत्रका साथै पुराना बस्तुको ज्ञान जगाउने सामुदायिक सूचना केन्द्रको लक्ष्य छ।

# विद्यालयद्वारा तरकारीखेती विस्तार



**पोखरापत्र संवाददाता**
म्याग्दी, २ जेठ

जिल्लाको रघुगङ्गा गाउँपालिका-२ भगवतिस्थित मुक्तिधाम माध्यमिक विद्यालयले प्रयोगात्मक सीप विकासका लागि तरकारीखेती विस्तार गरेको छ । प्रयोगात्मक अभ्यास, चमेनागृह र छात्रावासका लागि आवश्यक पर्ने तरकारी आपूर्तिका साथै विद्यार्थीमा व्यावसायिक र प्रयोगात्मक ज्ञान, सीप विकास गराउने उद्देश्यले तरकारीखेती विस्तार गरिएको हो।

मुक्तिधाम माविका प्रधानाध्यापक अमरबहादुर खत्रीले वार्षिक रु २५ हजार तिर्नेगरी भाडामा लिएर चार रोपनी जमिनमा लगाइएको तरकारीले चमेनागृह र छात्रावासको माग धान्नाका साथै बिक्री गरेर विद्यार्थीले खाजा खर्च जुटाउने गरेका बताउनुभयो । यसले विद्यार्थीमा प्रयोगात्मक सीप विकास गर्नाका साथै आत्मनिर्भर बन्न प्रेरित गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

"कक्षा ९ देखि १२ सम्म कृषि प्राविधिक अध्ययन गर्ने ५० जना विद्यार्थीले प्रयोगात्मक अभ्यासका लागि तरकारीखेती गरेर व्यावहारिक र व्यावसायिक ज्ञान, सीप हासिल गर्नाका साथै बिक्री भएको आम्दानीबाट खाजा खर्च जुटाएका छन्", प्रअ खत्रीले भन्नुभयो, "चमेनागृह र छात्रावासका लागि आवश्यक तरकारी विद्यालयकै करेसाबारीको उत्पादनले पुगेको छ।"

करेसाबारीमा बन्दा, काउली, टमाटर, साग, सिमी, करेला, घिरौंला, अकबरे खुर्सानी, काँक्रो, ब्रोकाउली, जुकेनीलगायत मौसमी र बेमौसमी विभिन्न जातका तरकारीखेती भइरहेका छन् । "बिरुवा पनि विद्यालयले तयार पार्दै आएको छ। तीन वटा प्लास्टिकको टनेल बनाइएको छ", उहाँले भन्नुभयो।

गँड्यौलाका प्रयोग गरेर करेसाबारीमा आवश्यक पर्ने प्राङ्गारिक मल विद्यालय आफैंले उत्पादन गरेको कृषि प्राविधिक विषयका प्रशिक्षक गणेश चोखालले बताउनुभयो । "विद्यालयको फोहर, फालिएका कापी किताब, च्याउखेतीमा प्रयोग भएको पराल र करेसाबारीको झारपातलाई गँड्यौला भएको खाडलमा कुहाएर मल बनाउने गरेका छौं", उहाँले भन्नुभयो, "विद्यालय भवनको एउटा कोठामा काठको मुढामा सिताके जातको च्याउखेती पनि गरेका छौं।"

मुक्तिधान माविबाट कृषि प्राविधिक विषयमा एसइई परीक्षा उत्तीर्ण गरेर कक्षा ११ मा भर्ना हुने तयारी गरेकी रेजिना भण्डारीले करेसाबारीमा काम गर्दा कक्षा कोठामा पढेको विषयवस्तु बुझ्न र सम्झन सजिलो भएको बताउनुभयो । विसं २००६ मा स्थापना भएको मुक्तिधाम माविले विसं २०६५ देखि कक्षा १२ सम्म र विसं २०७२ देखि कृषि प्राविधिक विषयको पठनपाठन सञ्चालन गर्दै आएको हो। हाल तीन सय ५० जना विद्यार्थी अध्ययनरत रहेका मुक्तिधाममा कक्षा ६ देखि ८ सम्म विज्ञान, कम्प्युटर र गणित विषयलाई अङ्ग्रेजी माध्यमबाट पठनपाठन भइरहेको छ। यस वर्ष बेनी, पोखरा र निजी विद्यालयबाट पनि मुक्तिधाममा अध्ययनका लागि विद्यार्थी आएका प्रअ खत्रीले जानकारी दिनुभयो । विद्यालयमा पछिल्लो पटक सङ्घीय सरकारको सहयोगमा छात्रावास भवन र रघुगङ्गा गाउँपालिकाको आर्थिक सहयोगमा सभाहल निर्माण गरिएको छ।

# असी वर्षीय किर्तबहादुरलाई भैँसीगोठ नै रमाइलो

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ जेठ



बुढ्यौलीसँगै गाला चाउरी पर्न र शरीर कुप्रन थाले पनि धवलागिरि गाउँपालिका-४ बगरका ८० वर्षीय किर्तबहादुर घर्तीलाई भैँसीगोठ छोड्न मन लागेको छैन।

समुन्द्री सतहदेखि तीन हजार मिटर उचाइमा रहेको दोभानको चरन खर्कमा चरिरहेका भैँसीहरूको गतिविधि नियालेर बसेको अवस्थामा भेटिनुभयो । रूखबाट लडेर शरीरमा परेको चोटका कारण ठाडो उभिन गाह्रो हुन थाले पनि छ दशकदेखिको भैँसीगोठको सम्बन्धबाट किर्तबहादुरलाई टाढिन नचाहेको सुनाउनुभयो। "तन घरमा भए पनि मन भने भैँसीसँगै वनपाखा गरिरहेको हुन्छ," किर्तबहादुरले भन्नुभयो, "माइला छोरालाई गोठ जिम्मा लगाए पनि गोठ बस्न छाडेको छैन्।" बुबाआमासँगै गोठमै हुर्किएका किर्तबहादुर आठ वर्षको हुँदादेखि जङ्गल पस्नुभएको थियो। "अहिले विदेशमा गएको जस्तै थियो त्यसबेला गोठमा जानु भनेको," उहाँले भन्नुभयो, "झरिबादल नभनी लेक र बैंशीका भिरपहरा, जङ्गलमा गोठ सार्ने हामीहरू हिउँदमा गाउँ नजिकको खेतबारीमा आउँदा मात्रै घरपरिवारसँग भेट हुन्थ्यो । बर्खामा तीन चार महिना कसैसँग सम्पर्क हुँदैनथ्यो ।" पोषिलो घाँस पाइने भएकाले भैँसीहरू पाँच हजार मिटर उचाइका बुकीमा चरनका लागि आफैँ पुग्ने गरेको अनुभव किर्तबहादुरले सुनाउनुभयो । स्थानीय लिमे पारकोटे जातका दुई वटाबाट सुरु भएको किर्तबहादुरको गोठमा भैँसीको संख्या २५ भन्दा कम कहिल्यै भएनन्। दुहुना भैँसी, पाडापाडी, राँगो र घिउ बेचेर छ जना छोराछोरी हुर्काएको, उनीहरूलाई पढाएको र घरव्यवहार चलाएको किर्तबहादुरले बताउनुभयो। वार्षिक १० देखि १५ वटासम्म राँगाभैँसी र २०० लिटरको हाराहारीमा घिउ बिक्री हुने गरेको थियो।

बर्खामा धौलागिरि हिमालको फेदीमा रहेको कुनावनमा पुग्ने भैँसीगोठ हिउँदमा बगर गाउँ वरपरका पाखामा झर्छन्। मथेनी, मैरै र कुनावन भैँसीखर्क हुन्। परिवारका सदस्यले समय समयमा गोठमा चाहिने अन्न, नुन र तेल ल्याइदिने गर्दथे । टुसा, च्याउ र ढकायोको साग गोठमा धेरै पाक्ने तरकारीका परिकार हुन् । भोटे कुकुरले गोठ रुघेर सुरक्षा दिन्थ्ये । महिनौंसम्म जङ्गलमा एक्लै हुँदा रेडियो सुनेर मनोरञ्जन र सूचना तथा जानकारी लिने गरेको उहाँले सुनाउनुभयो । चरनका लागि जङ्गल जान नसक्ने पाडापाडीलाई घाँस जुटाउन, दूध दुहुन, चरनका लागि गएका भैँसी खोज्न एक्लै भौँतारिँदा दिन बितेको पत्तै हुँदैनथ्यो।

झरीबादल र हिमपातको समय गोठालाहरूका लागि चुनौतीपूर्ण हुन्छ । लेकमा आकाश खुल्दा र घाँस प्रशस्त हुँदा नजिकका गोठालाहरू भेटघाट गरेर रमाउँछन्। "मेरो बाल्यकालमा गाईभैँसीको गोठ नहुने घरै हुँदैनथे," किर्तबहादुरले भन्नुभयो, "अहिले भएका दुई/चार वटा गोठहरू पनि हामी वृद्धहरूले छाडेपछि हराउने अवस्था छ ।" भैँसीपालनमा छ दशक बिताएका उहाँले पछिल्लो समय बाझिएका गाउँबस्ती नजिकका खेतीयोग्य जमिनमा घाँस खेती गरेर व्यवस्थित रूपमा पशुपालन गरेमा काम खोज्दै विदेशमा भौँतारिनु नपर्ने सुझाउनुभयो।

# कोरला सडकमा पाँच वटा पुल निर्माणका लागि स्रोत सहमति

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २ जेठ

उत्तर-दक्षिण जोड्ने कालीगण्डकी करिडोर (बेनी-जोमसोम-कोरला)सडक आयोजनाअन्तर्गत पाँच वटा पुल निर्माणका लागि रु ९६ करोड ८० लाख स्रोतको सहमति प्राप्त भएको छ।

मालढुङ्गा-बेनी र बेनी-जोमसोम सडकखण्डमा पक्की पुल निर्माणका लागि अर्थमन्त्रालयले स्रोत सहमति दिएको हो। कोरला सडकमा बहुवर्षीय पुल निर्माणका लागि मन्त्रीस्तरीय निर्णय भएको बेनी-जोमसोम-कोरला सडक आयोजनाका आयोजना प्रमुख तेजस्वी शर्माले जानकारी दिनुभयो । आयोजनाका अनुसार कोरला सडकअन्तर्गत पर्वत-म्याग्दी जोड्ने बेनीस्थित कालीगण्डकी नदी, म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ स्थित रुप्से झरना, थासाङ-२ स्थित सुनखोला र घट्टे खोलाको बेलिब्रिज रहेको स्थान, थासाङ गाउँपालिका-टुकुचेस्थित थापाखोलाको बेलिब्रिज रहेको स्थानमा पक्की पुल निर्माणका लागि स्रोत सहमति भएको हो । पाँच वटै पुल निर्माणका लागि एक महिनाभित्रै ठेक्का प्रक्रियामा लगिने प्रमुख शर्माले उल्लेख गर्नुभयो । उत्तर/दक्षिण जोड्ने कोरला सडक आयोजनाअन्तर्गत हालसम्म १५ वटा पक्की पुल निर्माण सम्पन्न भइसकेको आयोजनाले जनाएको छ । कोरला सडकअन्तर्गत उपल्लो मुस्ताङको घमी खोलामा निर्माणाधीन पुल अन्तिम चरणमा रहेको र चालु आर्थिक वर्षभित्रै सम्पन्न हुने अवस्थामा रहेको जनाइएको छ।

# नेपालमै पहिलोपटक हरित हाइड्रोजनबाट खाना पकाउने प्रविधिको विकास

–खेमराज गौतम
बागलुङ, २ जेठ/रासस



बागलुङको बडिगाड गाउँपालिकामा नेपालमै पहिलोपटक खाना पकाउने प्रयोजनका लागि हरित हाइड्रोजन ग्यास उत्पादन गर्ने प्रविधिको विकास गरिएको छ।

खेर गइरहेको विद्युत् र पानीको प्रयोग गरी उत्पादन गरिएको हाइड्रोजन ग्यासको सफल परीक्षणपछि अहिले सिलिण्डरमा भरेर चुलो बाल्न थालिएको हो । नमूना परियोजनाका रूपमा तीन वर्षअघि सुरु गरिएको अध्ययन तथा अनुसन्धान सफल भएपछि हाइड्रोजन ग्यास उत्पादन गरी व्यावसायिक प्रयोगतर्फ अघि बढाइएको जनाइएको छ। परियोजनाअन्तर्गत उत्पादन गरिएको ग्यासबाट चुलो बालेर सजिलै खाना पकाउन सकिने देखिएको छ।

त्रिभुवन विश्वविद्यालयसहित विभिन्न देशका विश्वविद्यालय, वैज्ञानिक तथा प्राविधिक संस्थाको सहकार्यमा परियोजना सञ्चालन गरिएको हो। परियोजनाले अब हाइड्रोजन ग्यासको सुरक्षित वितरण प्रणाली र व्यावसायिक विस्तारका विषयमा थप अध्ययन अघि बढाउने जनाएको छ।

बडिगाड गाउँपालिका-२ स्थित गिरिङ्दिखोला लघु जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत् प्रयोग गरी हाइड्रोजन ग्यास निकालिएको हो । विसं २०६६ मा स्थापना भएको उक्त लघु जलविद्युत् आयोजनाको विद्युत् खपत नभई खेर गइरहेको अवस्थामा त्यसैलाई उपयोग गरेर नयाँ प्रविधिको परीक्षण गरिएको हो।

तीन वर्षदेखि सात वटा साझेदार तथा प्राविधिक संस्थाको सहकार्यमा गरिएको अध्ययनबाट हालसम्म आठ वटा सिलिण्डरमा हरित हाइड्रोजन ग्यास भरिएको छ । एक वर्षअघि गरिएको प्रारम्भिक परीक्षण सफल भएपछि अहिले सिलिण्डरमा सुरक्षित रूपमा भर्ने कार्य थालिएको हो।

नेपाल इनर्जी फाउण्डेसनका अध्यक्ष मोहनदास मानन्धरका अनुसार पानीमा रहेको अक्सिजन अलग गरी हाइड्रोजन मात्रै निकालेर सिलिण्डरमा भर्ने प्रविधि प्रयोग गरिएको हो। आवश्यकताअनुसार उक्त ग्यास चुलोमा प्रयोग गर्न सकिने उहाँले बताउनुभयो।

नेपाल इनर्जी फाउण्डेसन, ऊर्जा र वातावरणका लागि महिला सञ्जाल नेपाल, एसएण्डएओ कम्पनी लिमिटेड युके र एचएसएलयु स्विटजरल्याण्ड साझेदार तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र काठमाडौँ, बडिगाड गाउँपालिका र गिरिङ्दिखोला लघु जलविद्युत् आयोजनाको सहकार्यमा विभिन्न देशका वैज्ञानिक तथा प्राविधिकहरुको सहयोगमा खाना पकाउनका लागि हाइड्रोजन ग्यास उत्पादन गरिएको हो। उत्पादन गरिएको हाइड्रोजन ग्यासबाट चुलो बालेर शुक्रबार गण्डकी प्रदेश सरकारका आर्थिक मामिलामन्त्री जीतबहादुर शेरचनले परियोजनाको उद्घाटन गर्नुभएको थियो। मन्त्री शेरचनले हरित हाइड्रोजनले वातावरण संरक्षण, विद्युत् खपत वृद्धि तथा स्वदेशी ऊर्जाबाट खाना पकाउने सम्भावना बढाउने भएकाले यस्ता परियोजनालाई राज्यले नीतिगत रूपमा अघि बढाउनुपर्ने बताउनुभयो । नेपाल इनर्जी फाउण्डेसनका व्यवस्थापक डिल्ली घिमिरेका अनुसार उत्पादन गरिएको ग्यास सुरक्षित रूपमा सिलिण्डरमा भर्ने विषयमा मात्रै १८ महिना अध्ययन गरिएको थियो । उहाँले एक केजी हाइड्रोजन ग्यासले सानो परिवारलाई करिब एक सातासम्म खाना पकाउन पुग्ने उहाँको भनाइ छ।

गिरिङ्दिखोला लघु जलविद्युत् सहकारीको ७५ किलोवाट क्षमताको आयोजनाको पुनर्निर्माण, भवन तथा कुलो मर्मतदेखि ग्यास उत्पादनसम्म आइपुग्दा अध्ययनबाहेक करिब रु एक करोड खर्च भइसकेको घिमिरेले बताउनुभयो । गिरिङ्दिखोला लघु जलविद्युत् सहकारीका अध्यक्ष बेलबहादुर थापाले खेर गइरहेको विद्युत्लाई उपयोग गरी उपभोक्ताका लागि खाना पकाउने इन्धन उत्पादन गरिएको बताउँदै अब नागरिकको पहुँचभित्र पर्ने सुरक्षित सिलिण्डर विकास र विस्तारका विषयमा अध्ययन गरिने जानकारी दिनुभयो । स्थानीय विष्णु अर्यालले हाइड्रोजन इन्धनबाट पकाएको खाना स्वादिलो हुनुका साथै खाना छिटो पाक्ने अनुभव सुनाउनुभयो।

# ४ जिपिए ल्याएका विद्यार्थीलाई पोखरा पब्लिकको सम्मान

पोखरापत्र संवाददाता
पोखरा, २ जेठ



पोखरा पब्लिक स्कुलले माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८२ मा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरूलाई सम्मान तथा पुरस्कृत गरेको छ। शनिबार विद्यालयमा आयोजित कार्यक्रममा एसइईमा उत्तीर्ण विद्यार्थीलाई सम्मान र बधाई दिँदै पुरस्कृतसमेत गरिएको हो । ४ जिपिए ल्याएका दुई विद्यार्थी रोनिश खत्री र सक्षम पौडेललाई जनही ३५ हजार रुपैयाँ नगदसहित सम्मान गरिएको हो।

विद्यालयले दुवै विद्यार्थीको उपलब्धिले विद्यालयसँगै समग्र पोखराकै शैक्षिक प्रतिष्ठा उँचो बनाएको भन्दै पुरस्कृत गरेको हो। उत्तीर्ण सबै विद्यार्थी, अभिभावक र शिक्षकहरूलाई समेत कार्यक्रममा सम्मान गरिएको थियो । पोखरा पब्लिकबाट यस वर्ष एसइईमा सहभागी ६४ जना विद्यार्थी उत्कृष्ट नतिजासहित उत्तीर्ण भएको विद्यालयले जनाएको छ । कार्यक्रममा अध्यक्षता गरेका वसन्तप्रसाद पराजुलीले विद्यालयको निरन्तर शैक्षिक सुधार र गुणस्तरीय शिक्षामा ध्यान दिइएको उल्लेख गरे। विद्यालयका प्रधानाध्यापक कृष्ण केसीले विद्यार्थीहरूको सफलताको श्रेय मेहनती विद्यार्थी, समर्पित शिक्षक र निरन्तर सहयोग गर्ने अभिभावकलाई दिँदै सबैलाई बधाई तथा शुभकामना व्यक्त गरे । 'हाम्रो उद्देश्य केवल परीक्षा उत्तीर्ण गराउनु मात्र होइन, गुणस्तरीय शिक्षा प्रदान गर्नु पनि हो। अहिलेको एसइई नतिजा र विगतका उपलब्धिले त्यसलाई पुष्टि गरेको छ,' उनले भने। उनले जीवनलाई निरन्तर परीक्षाको रूपमा बुझ्नुपर्ने उल्लेख गर्दै विद्यार्थीहरूलाई संयमित भएर अघि बढ्न सुझाव दिए । 'परीक्षाको मात्र होइन, जीवनका सबै परीक्षामा सफल हुनुपर्छ,' उनले भने । प्रधानाध्यापक केसीले विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिएको जानकारी दिए।

कार्यक्रममा पूर्व विद्यार्थी तथा महिला रोग विशेषज्ञ डा. अनुपमा कार्की र एमबिबिएस अध्ययनरत प्रेरणा श्रेष्ठले सफलताका लागि निरन्तर मेहनत र अनुशासन अपरिहार्य हुने बताए। विद्यालयका सल्लाहकार रवि बरालले विद्यालयले राम्रो शैक्षिक इन्डेक्स तयार पारेको उल्लेख गरे । उनले विद्यार्थीहरूलाई आफ्नो क्षमता विकास गर्दै जिम्मेवार र सम्मानजनक ढंगले उच्च अध्ययन पूरा गर्न सुझाव दिए। कार्यक्रममा पोखरा महानगरपालिका शिक्षा महाशाखाका प्रमुख हेम आचार्यले अहिलेको पुस्ताले पढाइसँगै व्यवहारिक ज्ञानमा पनि ध्यान दिनुपर्ने बताए । उनले विद्यार्थीहरूलाई घरायसी सामान्य काममा पनि सहभागी हुन आग्रह गर्दै अभिभावकलाई त्यसका लागि प्रेरित गर्नुपर्ने धारणा राखे। विद्यालय २०५१ साल पुस ११ गते स्थापना भएको हो । प्रधानाध्यापक कृष्ण केसी संस्थापक समेत हुन्। विद्यालयले २०५६ सालमा तत्कालीन एसएलसी परीक्षामा पहिलो पटक विद्यार्थी सहभागी गराएको थियो, जसमा ९ जना विद्यार्थी सहभागी भएका केसीले जानकारी दिए । कार्यक्रमको सञ्चालन विद्यालयका नेपाली प्राध्यापक मोतिसागर त्रिपाठीले गरेका थिए।

# लमजुङको भुजुङ: मौलिक संस्कृति बोकेको पर्यटकीय गाउँ

–नवीन पौडेल
लमजुङ, २ जेठ/रासस



हरियाली डाँडाकाँडा, ढुङ्गाले बनेका र छाएका परम्परागत घर, खेतबारीमा व्यस्त स्थानीय र गुरुङ संस्कृतिको जीवन्त पहिचान बोकेको लमजुङको भुजुङ गाउँ पछिल्ला वर्षमा आन्तरिक तथा बाह्य पर्यटकको रोजाइ बन्दै गएको छ।

सदरमुकाम बेँसीसहरबाट करिब ३२ किलोमिटर उत्तरपश्चिममा पर्ने क्व्होलासोथार गाउँपालिका-४ स्थित भुजुङ समुद्री सतहदेखि करिब एक हजार ६०० मिटर उचाइमा अवस्थित छ । गुरुङ समुदायको बाक्लो बसोबास रहेको यो गाउँ परम्परागत संस्कृति, मौलिक जीवनशैली र आत्मीय आतिथ्यका कारण लमजुङको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा परिचित हुँदैछ।

कच्ची सडक पार गर्दै जिपमार्फत गाउँ पुग्दा बाटोभरि देखिने हरिया पहाड, खोल्साखोल्सी र ग्रामीण जीवनशैलीले जो-कोही यात्रुलाई मोहित गराउँछ । गाउँ छिर्नासाथ ढुङ्गाले छाएका घर, आँगनकै छेवैमा सुकाइएका मकैका झुत्ता, फूलबारी र परम्परागत पहिरनमा देखिने स्थानीयले आगन्तुकलाई स्वागत गरिरहेका भेटिन्छन्। क्व्होलासोथार गाउँपालिका उपप्रमुख यमिमाया गुरुङका अनुसार भुजुङमा हाल ३६२ घरधुरी छन् भने ३३ घरमा होमस्टे सञ्चालनमा छन्। "भुजुङ पर्यटकको रोजाइमा पर्न थालेको छ", उहाँले भन्नुभयो, "विशेषगरी गुरुङ संस्कृति, मौलिक परिकार र प्राकृतिक जीवनशैली अनुभव गर्न आउने पर्यटकको सङ्ख्या बढिरहेको छ।" गुरुङका अनुसार घरबास कार्यक्रमले गाउँको अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको छ। घरबास (होमस्टे)बाट प्रत्यक्ष लाभ लिने घरधुरी मात्रै होइन, छिमेकीसमेत कृषि उत्पादन, स्थानीय परिकार, हस्तकला तथा अन्य सेवामार्फत लाभान्वित भइरहेका छन्। गाउँमा अधिकांश खाद्यान्न अर्गानिक उत्पादन हुने गरेको छ। खेतबारी घर नजिकै रहेकाले होमस्टेमा बस्ने पाहुनालाई स्थानीय उत्पादनबाट तयार गरिएका परिकार पस्किने गरिएको छ। स्थानीयको मुख्य पेसा कृषि र वैदेशिक रोजगारी भए पनि पछिल्ला वर्षमा पर्यटन व्यवसाय आयआर्जनको महत्वपूर्ण आधार बन्दै गएको उपप्रमुख गुरुङले बताउनुभयो । गाउँपालिकाले भुजुङको पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार विकास, जनचेतना तथा स्थानीयको क्षमता अभिवृद्धिमा सहकार्य गरिरहेको उहाँको भनाइ छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले पनि भुजुङलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सहयोग गर्दै आएको स्थानीय बताउँछन् । सरसफाइ अभियान, पर्यावरण संरक्षण तथा जनचेतनामूलक कार्यक्रममार्फत गाउँलाई व्यवस्थित बनाउन सहयोग पुगेको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, इलाका संरक्षण कार्यालयका प्रमुख प्रमोदराज रेग्मीका अनुसार आयोजनाले यस क्षेत्रको जैविक विविधता संरक्षणसँगै स्थानीयको जीविकोपार्जन सुधारका लागि काम गर्दै आएको छ। "पर्यटन प्रवर्द्धन र वातावरण संरक्षणलाई सँगसँगै अघि बढाउने प्रयास भइरहेको छ", उहाँले भन्नुभयो । आयोजनाले लघुजलविद्युत्सञ्चालन, चियाबारी व्यवस्थापन तथा सरसफाइ अभियानमा स्थानीयलाई सहयोग गर्दै आएको छ। "गाउँलेसँग हातेमालो गरेर वातावरण संरक्षण र पर्यटन विकासमा सँगसँगै काम गरिरहेका छौँ", रेग्मीले भन्नुभयो। स्थानीयवासी गाउँ छाडेर बाहिर बसाइँ सर्नेक्रम अन्यत्रभन्दा कम रहेको पनि यहाँको विशेषता हो। गाउँमै कृषि, पर्यटन र अन्य साना व्यवसायबाट आयआर्जनको अवसर बढ्दै गएपछि अधिकांश स्थानीय आफ्नै ठाउँमा सक्रिय देखिन्छन् । भुजुङका होमस्टे सञ्चालक हुमकुमारी गुरुङले पाहुनालाई गाउँकै उत्पादनबाट तयार गरिएका परिकार खुवाउने गरिएको बताउनुभयो । "ढिँडो, कोदोको रोटी, लोकल कुखुरा, माछा, खसी, गाउँकै सागपात, निगुरो र अचार पाहुनाले मन पराउनुहुन्छ", उहाँ थप्नुहुन्छ, "स्थानीय स्वाद र आत्मीय व्यवहारकै कारण धेरै पाहुना फेरिफेरि आउनुहुन्छ।"

भुजुङ केबल प्राकृतिक सौन्दर्यका कारण मात्र चर्चित छैन, यो गाउँ गुरुङ संस्कृतिको जीवित सङ्ग्रहालयका रूपमा पनि परिचित छ । यहाँ स्थानीय लोपोन्मुख सांस्कृतिक नृत्य अझै जोगाइएका छन्। विशेष अवसर र पर्यटकीय मौसममा स्थानीय युवा तथा अग्रज मिलेर सांस्कृतिक प्रस्तुति देखाउने गर्छन्। स्थानीय लालीगुराँस युवा क्लबका अध्यक्ष नौराजगुरुङका अनुसार असोजदेखि मङ्सिरसम्म र चैत-वैशाखमा पर्यटकको चाप बढी हुन्छ । "सिजनमा घरबास भरिभराउ हुन्छ", गुरुङ भन्नुहुन्छ, "विदेशीभन्दा आन्तरिक पर्यटक अहिले बढी आउन थालेका छन।" भुजुङ पुगेका पर्यटकलाई गाउँको शान्त वातावरण, गुरुङ संस्कृति र आतिथ्यले आकर्षित गर्ने गरेको छ। काठमाडौँबाट घुम्न आउनुभएका सरस्वती गोतामेले गाउँमा पुग्दा आफूले पुरानो नेपाली जीवनशैली नजिकबाट अनुभव गर्न पाएको अनुभव सुनाउनुभयो। "यहाँको वातावरण निकै शान्त र स्वच्छ छ, सहरको भीडभाडबाट टाढा केही दिन बस्नका लागि भुजुङ उत्कृष्ट गन्तव्य रहेछ", उहाँले थप्नुभयो । व्यवस्थित सडक हुने हो भने यहाँ पर्यटकको चाप बढ्ने उहाँको धारणा छ । गाउँमा कृषिकर्म पनि चलिरहेको छ । गाउँमा प्रायः सबै मानिस व्यस्त रहेन गरेका छन् । कोही खेतबारीमा गोडमेल गर्दै गरेका त कोही हस्तकलाका सामग्री बुन्ने काममा समेत व्यस्त देखिन्छन् । बाँस, निगालो र ऊनबाट बनाइने सामग्रीले गाउँको मौलिकता झल्काउँछ । गाउँमा पर्यटन प्रवर्द्धनसँगै सडक, सञ्चार र खानेपानीजस्ता पूर्वाधार विस्तार हुँदै गए पनि स्थानीयले मौलिकता जोगाउन प्रयास भने गरेका छन् । प्राकृतिक सुन्दरता, गुरुङ संस्कृतिको जीवन्त अभ्यास, स्थानीय परिकार र आत्मीय आतिथ्यका कारण भुजुङ अहिले लमजुङको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ। सहरको कोलाहलबाट केही समय टाढा रहेर गाउँको मौलिक जीवन अनुभव गर्न चाहनेका लागि भुजुङ आकर्षक रोजाइ बनेको छ।

# जल्धारे टोल बिकास संस्थाको साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, २ जेठ




पोखरा महानगरपालिका वडा नम्बर २६ मा रहेको जल्धारे टोल बिकास संस्थाले शनिबार एक कार्यक्रम गरि आफ्नो २१औं बार्षिक साधारणसभा सम्पन्न गरेको छ।

कार्यक्रमको उद्धाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि एबं पोखरा महानगर पालिका २६ का वडा सदस्य सुदिपराज ढुङगानाले टोल बिकास भनेको समाजका ऐना हुन हरेक समाजमा बिकासका काम गर्दा टोल बिकासको अति महत्व रहेको हुन्छ, समुदायमा हरेक गतिबिधिमा टोल कुनै न कुनै माध्यम बाट सहभागिता रहेको हुन्छ, यसमा महानगर तथा वडाले हरेक बिकास निर्माणमा टोल बिकास सगं हातेमालो गरेर अगाडि बढिरहेको बताए । संस्थाका अध्यक्ष महेन्द्र ढुङ्गानाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जल्धारे जेष्ठ नागरिक दिवा सेवा केन्द्र का अध्यक्ष मनोहरी ढुङ्गाना, संस्थाका पूर्ब अध्यक्ष सीता पाठक ढुङ्गाना, सल्लाहकार ईन्द्र प्रसाद ढुङ्गाना, सल्लाहकार लेखनाथ ढुङ्गाना, लगाएतले संस्थाको बिकास र आगामी दिनमा गर्नु पर्ने कामको बारेमा धारणा राख्दै शुभकामना ब्यक्त गरेका थिए।

तेसैगरि कार्यक्रममा संस्थाका कोषाध्यक्ष बिवेक ढुङ्गानाले आर्थिक र सचिब महादेब ढुङगानाले बार्षिक गतिविधि र आगामी योजनाको प्रतिबेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा संस्थााकि सदस्य सीता अधिकारी ढुङ्गाले स्वागत तथा सचिब महादेब ढुङ्गानाले सन्चानल गरेका थिए।

# चार लेनको आर्क ब्रिजमा ८४ प्रतिशत प्रगति

पोखरापत्र संवाददाता
दमौली, २ जेठ

मुग्लिन पोखरा सडकखण्डअन्तर्गत दमौली बजारमा निर्माणाधीन चार लेनको पुलको भौतिक प्रगति ८४ प्रतिशत पुगेको छ।

व्यास नगरपालिका-४ र ५ मादी नदीमाथि निर्माण भइरहेको पुलको आर्थिकतर्फ ८१ दशमलव दुई प्रतिशत प्रगति भएको हो । उक्त खण्डका इन्जिनियर विष्णुप्रसाद पाण्डेले पुल निर्माण तीव्र गतिमा भइरहेको जनाउँदै हाल दुवैतर्फको फाउण्डेशनको काम सकिएर आर्क डिजाइन निर्माण भइरहेको बताउनुभयो। उहाँका अनुसार तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी उक्त पुलको काम सुरु गरिएकामा गत भदौ २१ गते ठेक्काको म्याद सकिएपछि आगामी असार १९ गतेसम्म म्याद थप भएको छ।

इन्जिनियर पाण्डेका अनुसार पुल निर्माणका लागि विसं २०७९ साउनमा सम्झौता भएको थियो । तीन सय १५ मिटर लामो पुलमा छ वटा स्पान रहनेछन्। पुलको वारिपारी दुई/दुई 'प्रिस्टेटस् बक्स गडर' स्पान सम्पन्न भइसकेका छन् । उहाँका अनुसार फाउण्डेशनबाट सुपर स्ट्रक्चरको काम सकिएको छ । उहाँले भन्नुभयो, "मिडल स्पान दुई वटा कङ्क्रिट नेचर आर्क ब्रिज हो। त्यसको काम भइरहेको छ।" इन्जिनियर पाण्डेका अनुसार रु एक अर्ब २१ करोड भ्याटसहित लागतमा निर्माण भइरहेको पुल २३ मिटर चौडाइको एउटै मोनोलेथिक स्ट्रक्चर भएको यो मुलुककै पहिलो पुल हो। निर्माण कम्पनी अन्नक जेडआइष्टी जेभीका साइट म्यानेजर दिनेशकुमार श्रेष्ठले थपिएको म्यादभित्रै काम सम्पन्न गराउन आफूहरू लागिपरेको बताउनुभयो।

पृथ्वी राजमार्गको सबैभन्दा लामो आर्क डिजाइनको उक्त पुल चार लेनको हुनेछ । हाल नदीमाथि रहेको दुई लेनको पुल ३७० मिटर लम्बाइको छ। सोही पुलभन्दा करिब ५० मिटरको दूरीमा नयाँ पुल निर्माण भइरहेको छ।